# शैक्षिक सापटी (Education Loan)

(के का लागी पाईन्छ ?)

- योगदानकर्ता स्वयम वा पति पत्नी वा छोरा छोरीलाई स्वदेश वा विदेशका शैक्षिक संस्थामा उच्च शिक्षा अध्यन प्रयोजन ।

(कति सम्म पाईन्छ ?)

- ३५ लाख रुपैंया वा १५ बर्षको तलव वा योगदानकर्ताको ६० बर्ष उमेर पुग्न बाँकी कार्य अवधिको तलव वा सम्वन्धित शिक्षण संस्थामा लाग्ने वास्तविक खर्च मध्येमा जुन कम हुन्छ सो बराबरको रकम सम्म ।

(कस्ता योगदानकर्ताले पाउछन ?)

- कम्तीमा ३६ महिना नियमित कोषमा योगदान रकम जम्मा गरेको ।
- योगदानकर्ता कालो सुचिमा नपरेको ।
- अवकाश हुन न्यूनतम २ बर्ष सेवा अवधि बाँकी रहेको ।

(धितो)

- योगदानकर्ता स्वयम वा निजको एकाघर सदस्यहरुको नाममा रहेको घर जग्गा ।
- अन्य व्यवस्थाहरु योगदानकर्ता सापटी निर्देशिका २०७९ को दफा २८ को उपदफा (१) मा भएको बाहेकका घर जग्गाहरु ।
- कम्तीमा चार मिटर बाटोले छोएको हुनु पर्ने ।

**<u>धितो रहने जग्गाको न्युनतम क्षेत्रफल (मूल्याङ्कनबाट कायम हुने)</u>**

- महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका भित्रको हकमा साढे दुई आना वा पाँच धुर ।
- गाँउपालिका भित्रको जग्गाको हकमा चार आना वा साढे सात धुर ।

**<u>सापटी उपयोग गर्नुपर्ने अबधि</u>**

- सापटी स्वीकृति मितिले छ महिनाभित्र पहिलो किस्ता उपयोग नगरेमा स्वतः रद्द हुने ।
- पहिलो किस्ता लिएको मितिले २ बर्ष भित्रमा स्विकृत सापटी उपभोग गरि सक्नुपर्ने छ ।

(शुल्क)

- व्यवस्थापन शूल्क – कुल कर्जा सिमाको ०.१५ प्रतिशत ।
- मूल्याङ्कन शूल्क - तिन हजार रुपैयाँ (मूल्य अभिबृद्धि कर बाहेक)

**निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु**

- योगदानकर्ताको नागरिकता र कोषले प्रदान गरेको परिचयपत्रको प्रतिलिपी ।
- रोजगार कार्यालयबाट सिफारिस भएको अनुसुचि १ बमोजिमको सापटी माग फारम ।
- एकाघर सदस्यहरु सबैको नागरिकताको प्रमाणित प्रतिलिपि ।
- योगदानकर्ताको विवाह दर्ताको प्रतिलिपि (विवाहितको हकमा) ।
- सम्बन्धीत वडा कार्यालयबाट एकाघर सदस्यहरुको पारिवारिक विवरणको सक्कल पत्र ।
- रोजगार कार्यालयबाट मासिक/बार्षिक तलवमान र अवकाश मिति खुलेको सक्कल पत्र ।
- जग्गाधनी लालपुर्जा (प्रमाणपूर्जा) प्रतिलिपि ।
- घरजग्गा प्राप्तिको स्वामित्व सम्वन्धी लिखत कागजातको प्रतिलिपि ।
- योगदानकर्ताको पछिल्लो १ बर्षको बैंक स्टेटमेन्ट ।
- कोषको नाममा जारी भएको धितो रहने घरजग्गाको नापी नक्सा तथा ट्रेस पेपरको सक्कल प्रति ।
- सम्बन्धीत वडा कार्यालयबाट जग्गाको चारकिल्लाको सक्कल पत्र ।
- चालु आर्थिक वर्षको सम्पत्ति कर (पोट) तिरेको रसिदको प्रमाणित प्रतिलिपि ।
- घर धितो राख्ने भए घरनिर्माण सम्पन्न प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- बैदेशिक शिक्षामा जाने विद्यार्थिको हकमा सम्बन्धित क्याम्पस/कलेज/विश्वविद्यालयले प्रदान गर्ने अफर लेटरको प्रतिलिपी ।
- सम्बन्धित क्याम्पस/कलेज/विश्वविद्यालयले सम्बन्धित कोर्ष पुरा गर्न लाग्ने सम्पुर्ण खर्चको विवरण उल्लेख पत्रको प्रत्रिलिपी ।
- उच्च शिक्षा पढनेको एस ई ई (SEE) र +२ को मार्कसित र चारित्रिक प्रमाणप्रत्र को प्रतिलिपी
- बैदेशिक शिक्षामा जाने विद्यार्थिको पासपोर्ट र भिषा लागेको प्रतिलिपि ।
- बैदेशिक शिक्षामा जाने विद्यार्थिको हकमा शिक्षा मन्त्रालयबाट No Objection Lettter (NOC) को प्रतिलिपी
- कोषले आवश्यक ठानेको अन्य कागजात।